एउटा मध्यकालीन नेपाली अभिलेखमा चाक्लो बाटो[60] को प्रसङ्ग आएको छ । तर यी मार्गहरूको चौडाईको नाप बारे कहीं पनि उल्लेख पाईंदैन । यसबारे आचार्य कौटिल्यले राजमार्ग र रथ्या दुवैलाई चार दण्ड (चतुर्दण्डारा रथ्या) चाक्लो बनाउने हात्तीको बाटो दुई दण्ड (द्विदण्ड हस्तिक्षेत्रपथः) चाक्लो बनाउने निर्देश दिएका छन्[61] । शुक्रनीति अनुसार[62] राजमार्ग अथवा मुख्य सडक ४५ फीट चाक्लो हुनु पर्दछ । उनले बाटाका दुवै किनारामा ढलहरू भएको तथा ढुङ्गाद्वारा बाटाको बराबर मर्मत गरिन्थ्यो भन्ने जानकारी दिएका छन् । तिलौराकोट (प्राचीन कपिलवस्तु) को उत्खननबाट पश्चिमद्वारको भित्री भागमा १९ फीट चाक्लो, फलामको थोत तल ओछ्याएको र माथि ईंटले छापेको पक्की सडक पाइएको छ । सो बाटोको माथि रथको पाङ्ग्राको डाम पनि भेटिएका छन् । दुवै पाँग्राका माझको भाग चारफीट चाक्लो छ[63] ।

नेपालमा पक्की सडक–

लिच्छविकालीन नेपालमा बाटो पक्की थियो वा कच्ची

थियो यस्तो सूचना दिने कुनै पनि अभिलेख पाइएको छैन । तर मल्लकालीन नेपालमा यस किसिमको व्यहोरा दिने अनेक अभिलेखहरू छन् । पक्की बाटोको निर्माण ढुङ्गा अथवा ईंट छापेर गरिन्थ्यो । फर्पिङ्गको एउटा अभिलेखमा[64] सो नगरको नगरद्वारदेखि शिखरनारायणसम्मको बाटामा ढुङ्गा ओछ्याइएको उल्लेख परेको छ । नेपाल सवत् ८०३ को अर्को एउटा अभिलेखमा[65] बाटोमा तेलिया ईंट ओछ्याइएको सूचना प्राप्त हुन्छ । ईंट र ढुङ्गाद्वारा बाटो निर्माण गरिने परम्पराको बोध भए पनि प्राचीन नेपालका धेरै जसो बाटाहरू कच्ची नै थिए होलान् भन्ने सहजै अनुमान गर्न सकिन्छ ।

बाटाको किनारमा रहेका सत्तल, पाटी र धारा–

बाटाको किनारमा बटुवाहरूका लागि बोट-बिरूवा लगाउने र कुवा खन्न लगाउने परम्पराको सूचना प्रियदर्शी अशोकको गिरनार अभिलेख[66] ले दिन्छ । हिंडिरहेका बटुवा थाकेर बाटाको किनारमा रहेको ढुङ्गेधाराबाट पानी खाई, बाटा छेउमा सत्तल अथवा पाटीमा एक छिन आराम गरेर फेरि आफ्नो बाटो लाग्दथे । हुरी-बतास अथवा पानी परेका बखत बाटाको छेउमा रहेका सत्तल अथवा पाटीले नै उनलाई शरण दिन्थ्ये । बाटो, धारा र पाटीको यस्तो सम्बन्ध दर्शाउने अभिलेखले रुद्रदेवकालीन नेपालको एउटा दृश्य प्रस्तुत गर्दछ । उक्त अभिलेखानुसार पाटीको किनारमा ढुङ्गेधारा थियो जसको रेखदेखको अभिभारा बाटो सफा-सुग्घर गर्ने गुठीलाई सुम्पिएको थियो र पाटीको छाना मर्मतका लागि समेत चार शिवका (तत्कालीन शिव अथवा नन्दी अङ्कित मुद्रा) पनि उक्त गोष्ठीलाई दिइएको थियो[67] । यस्तै भावलाई दर्शाउने अर्को नेपाली अभिलेख नेपाल संवत् ८११ (वि. सं. १७४८ १८०४ ई सन्) को ठिमी दथुफलेको भूपतीन्द्रमल्लदेवको छ[68] । यस अभिलेखमा त्यस ठाउँमा अत्यन्त सिङ्गारिएका थामहरू भएको एउटा सत्तल थियो तथा घाम र थकाइले चूर भएका तथा प्यास लागेका पैदल हिंड्ने विभिन्न दिशाबाट आएका बटुवा त्यहाँ रहेको धाराको पानी खाई सत्तलमा आराम गर्दा तिनको मन अत्यन्त आनन्दित भै सारा थकाई मेटिन्थ्यो भन्ने भाव प्रदर्शित भएको छ । एउटा शाहकालीन अभिलेखमा पनि बटुवाका लागि धर्मशाला बनाइएको व्यहोरा प इन्छ[69] ।

सार्थविश्रामस्थल–

पालि ग्रंथानुसार अनाथपिण्डकको सार्थदल श्रावस्तीबाट कुशीनगर वैशाली, पाटलीपुत्र हुँदै राजगृहसम्म पुगेको थियो । यसका माझमा १२ वटा विसौनीहरू (राति बास बस्ने ठाउँहरू) थिए[70] । त्यस्तै अर्को बाटो श्रावस्ती प्रतिष्ठान (पैठण) सम्म पुग्दथ्यो र यसका माझमा छ वटा विश्रामस्थलहरू थिए[71] । लिच्छविकालीन नेपालमा पनि धनी व्यापारी सार्थवाहहरू थिए र तिनले अनेक हिन्दू मन्दिरहरू बनाएको उल्लेख पाइन्छ[72] । दुर्भाग्यवश अहिलेसम्म तिनको व्यापारिक मार्ग र विसौनीबारे वर्णन गरिएका अभिलेखहरू पाइएका छैनन् । तर पश्चिम नेपालको शक संवत् १२७८ (ई. सन् १३५३) को नावल्लदेवीको पाथरनाउली अभिलेखले सुर्खेत-दुल्लु–सेंज्जा राजमार्गको त्यस ठाउँमा सार्थवाह अथवा व्यापारीहरूको निम्ति बिसौनी, सत्तल र ढुङ्गेधारा भएको प्रमाण प्रस्तुत गर्दछ[73] ।

बाटाको निर्माण, मर्मत र संभार

बाटाको निर्माण र सम्भारको काम प्राचीन नेपालमा सरकार र जनता दुवैबाट हुने गर्दथ्यो । कहिलेकाहीं बाटाको निर्माण र मर्मत सरकारद्वारा जनतालाई झारा-को आदेश दिई अथवा जनतामाथि कर लगाई गरिएको पनि प्रमाण पाइएको छ । नरेन्द्रदेवको अनन्तलिङ्गेश्वर मन्दिर अभिलेखमा त्यस भेकका प्रत्येक परिवारका मुखियाहरूबाट कार्तिक महीनाको शुक्ल एकादशीका दिन बाटाको मर्मतका लागि चार-चार माना चामल सङ्कलन गरी बाटाको मर्मत गराइने सूचना पाइन्छ[74] । अंशुवर्माको हाँडिगाउँको संवत् ३० को अभिलेखमा बढार्ने अमाईहरूको उल्लेख भएको पाइन्छ[75] । रुद्रदेवको शासनकालको नेपाल संवत् २९२ (ई. सन् ११७२) को एउटा शिलालेखबाट बाटोलाई सफा-सुग्घर गर्न र बढार्न गोष्ठी रहेको तथ्य सामुने आउँछ[76] । यक्षमल्लकालीन भक्तपुरको एउटा अभिलेखमा[77] सो नगरको चारैतिर नगरपर्खाल, बुर्जा, नगरद्वार र बाटाहरू बनाउन त्यहाँका चारै वर्णका जनताले श्रमदान गरेका थिए भन्ने वर्णन छ । वर्षमा एक पटक त्यहाँको बाटो लगायत सबै वस्तुहरूको जीर्णोद्धार र मर्मत गर्न पनि श्रमदानकै व्यवस्था थियो । श्रमदान नगर्नेहरू माथि जरिमाना पनि गरिन्थ्यो । यस्तै एउटा अर्को अभिलेख पाटनका राजा श्रीनिवासमल्लको पालाको छ । उक्त

अभिलेखमा गढ-पर्खालका साथै पुल फेर्ने काममा देशका प्रत्येक मानिसले चित्त नदुखाई झारामा शामेल हुनु भन्ने आदेश दिइएको छ । उक्त झारामा नजाने मानिसहरूलाई आर्थिक दण्ड गर्ने, डोरीले बाँध्ने अथवा देश निष्कासन गर्ने सजायँको व्यवस्था थियो[78] ।

यातायातका साधन

प्राचीन नेपालमा आज जस्तै बढी मान्छे पैदल हिंड्ने गर्दथे होलान्[79] । सामान पनि पिठ्यूँ र काँधमाथि दुवै छेउ झुण्ड्याउने भारी बनाएर[80] अथवा टाउकोमाथि राखेर ओसार्थे होलान् । तर हात्ती, घोडा, ऊँट, बैलगाडा, चौंरीगाई, बाख्रामाथि पनि सामान ओसार्ने चलन अवश्य नै थियो भन्ने अनुमान गर्न सकिन्छ । डा. वासुदेवशरण अग्रवालका मतमा वाह्य अथवा वाहन द्विप्रकारका थिए[87] । स्थलमाथि हिंड्ने वाहन (वाहनम् आभितत) र जलयात्रायातको साधन-उद्वाहन, नौवाटक अथवा नौविटान आदि । नेपाल गाउँप्रधान देश भएकाले तराईतिर अझै सबभन्दा प्रमुख यातायातको माध्यम बैलगाडा नै छन् । पातञ्जलिले (III, २, ११५, II, १२०) प्राचीन भारतीय राजमार्गमाथि बैलगाडा (सकट-सार्थ) को हुल गइरहेको वर्णन गरेका छन्[82] । बैलगाडामा गृहपति अनाथपिण्डकद्वारा हिरण्यधन लगेर श्रावस्तीको डोतवनमा कोटिमुद्रा ओछ्याउने दृश्य र शिलालेख समेत भएको एउटा ढुङ्गाको मूर्ति भारहुत स्तूपबाट प्राप्त भएको छ[83] । यस्तै भगवान शाक्यमुनि बुद्धका लागि आनन्दले ककुत्था नदीबाट पानी लिन जाँदा ५०० बैलगाडा नदी पार गरिरहेका थिए भन्ने बौद्ध साहित्यमा वर्णन गरिएको छ[84] । पातञ्जलि अश्वरथ (घोडागाडी), औष्ट्ररथ (ऊँटगाडी) र गर्दभरथ (गधा-गाडी) आदि त्यसकालमा रहेको उल्लेख गर्दछन्[85] । पाणिनिका अनुसार सेनाका प्रमुख अङ्गहरू मध्ये रथ माथि सवार सेना र घोडा माथि सवार सेना (रथिकाश्वारोहम्) थिए[86] । अश्वघोषद्वारा रचना गरिएको बुद्धचरितमा बालक सिद्धार्थको मनोरञ्जनका लागि सासाना दुई वटा गोरूहरू भएको बैलगाडाको वर्णन गरिएको पाइन्छ[87] । अर्को ठाउँमा युवराज सिद्धार्थलाई चार वटा पूर्ण प्रशिक्षित घोडाहरूले तानिएको सुनको रथ माथि सवार भएको भनी चर्चा गरिएको छ[88] । अंशुवर्माको नीलीशाला प्रणाली अभिलेखले नेपालमा अश्वरथ र बैलगाडाहरू रहेको प्रमाण प्रस्तुत गर्दछ[89] । लिच्छविकालीन संवत् ५२६ को लेले अभिलेखबाट[90] नेपालमा अनेक प्रकारका गोष्ठीहरू संगै प्रवहण गोष्ठी पनि रहेको थियो भन्ने थाहा पाइन्छ । त्यहाँ गाडा रथ आदिको व्यवस्था गर्न २० माना कुत आउने जग्गाको बन्दोवस्त गरिदिएको थियो । नरेन्द्रदेवको देउपाटनको संवत् ६९ को अभिलेखमा पनि शायद कुनै किसिमको वाहनको उल्लेख गरिएको छ[90] क । अर्को एउटा त्यसै कालको केवलपुर अभिलेखबाट[91] त्यस भेकमा पर्ने नुपुन्न द्रङ्गका वासिन्दाहरूलाई अन्य विष्टिहरू माफी गर्नुका साथै रथ बनाउने झरा पनि माफ गरी दिने बोली परेको छ । यसैले त्यस भेकका जनता रथ बनाउने काममा सिपालु थिए भन्ने सूचना पाइन्छ । काठका काम गर्ने काष्ठकर्मकार र रथकारको उल्लेख मध्यकालका अनेक अभिलेखमा पाइन्छन्[92] ।

लिच्छविकालका अभिलेखहरूमा वर्णित गोयुद्ध (गोरूको जुधाई) र गोहल[93] (गोरूले तान्ने हलो) को वर्णनबाट यहाँ अवश्य पनि बैलगाडा त्यसकालमा थियो भन्ने अनुमान गर्न सकिन्छ । हाँडिगाउँको संवत् ३० को अभिलेखमा 'अभिषेकहस्ति' (राज्याभिषेकमा प्रयोग भएको हात्ती) र 'अभिषेकअश्व' (राज्यभिषेकका लागि उपयोग गरिएको घोडा) को उल्लेख भएको छ । यस्तै स्वयम्भूको लिच्छवि अभिलेखमा 'वन्यगजेन्द्रमत्त' (बनको उन्मत्त हात्ती) को चर्चा गरिएको छ । थानकोट आदिनारायणको संवत् ४२८ को अभिलेखबाट हस्तिमार्गको वर्णन पाइन्छ[94] । मानदेवको चांगु अभिलेखमा सयौं असल खालका हात्ती र घोडा लिई मानदेव पश्चिम मल्लपुरीको विजययात्रामा गएको[95], भन्सार चोकको नरेन्द्रदेवको अभिलेखको अभिलेखमा[96] युद्धमा प्रयोग गरिएका घोडा र हात्तीको उल्लेख आदिले प्राचीन नेपालमा यातायातको साधनको रूपमा हात्ती र घोडाको सर्वाधिक प्रयोग भएको तथ्यलाई प्रमाणित गर्दछ । यस्तै मल्लकालमा प्रतापमल्लको ने. सं. ७७८ (१७७१ ई. सन्) को अभिलेखमा सयवटा घोडा दान गरिएको वर्णन छ[97] । नेपालको आफ्नै जंगल भित्र प्रशस्त हात्तीहरू भएकाले तराईको जंगलबाट हात्ती समातेर काटमाडौं ल्याउने गरिन्थ्यो । भास्करमल्लले हात्तीखेदाको खर्चका लागि केही जग्गा बेचेको वर्णन पाइन्छ[98] । भूपतीन्द्रमल्लले पनि मकवानपुरका राजासँग मिली हात्तीखेदा गरेका थिए । पृथ्वीनारायण शाहको मकवानपुर कब्जाबाट उनले त्यहाँबाट सयौं हात्ती पाएका थिए[99] । माथिको विवरणबाट नेपालमा

यातायातका साधनको रूपमा गोरु, हात्ती र घोडा आदि जनावरको प्रमुख भूमिका रहेको थियो भन्ने थाहा पाइन्छ ।

पशुहरूको हेरचाह र तत्संबन्धी अधिकारी

पशुधन कृषिका साथसाथै यातायातका लागि पनि महत्वपूर्ण साधन भएकाले प्रत्येक देशको सरकारले तिनको हेरचाह गर्ने अधिकारी नियुक्त गर्दथ्यो र आफ्ना जनतालाई पशुपालनका लागि प्रोत्साहित गर्दथ्यो । कौटिल्य अर्थशास्त्र (१/३) ले कृषि र वाणिज्यका साथै पशुपालनको उल्लेख गरेको छ । लिच्छवी कालका अभिलेखहरूलाई हेर्दा त्यस बखत पनि पशुपालनका लागि तत्कालीन शासन व्यवस्थाले जनतालाई निकै प्रोत्साहित गरेको थियो भन्ने थाहा पाइन्छ । मानदेव चांगुरतंभलेख, अंशुवर्माको नीलोशालाप्रणाली अभिलेख, हनुमानढोकाको अभिलेख[100], थानकोट आदि नारायण अभिलेख, नरेन्द्रदेवको अनन्तलिङ्गेश्वर र भन्सारचोक आदि लिच्छविकालका अभिलेखहरूमा हात्ती, घोडा, गोरु, गाई आदि अनेक किसिमका जनावरहरूको उल्लेख भएको पाइन्छ । थानकोट आदिनारायणको वसन्तदेवको अभिलेखमा जयपल्लिका नाउँको गाउँको चर्चा छ । श्री घोषका अनुसार[101] पल्लिकाबाट अन्त हुने गाउँको नाउँ गोपालकहरूको बस्ती हुन्थ्यो । लिच्छविकालका अन्य अभिलेखहरूबाट पनि त्यस भेकमा अभीरहरू बस्दथे भन्ने थाहा पाइन्छ । भीमार्जुनदेव र विष्णुगुप्तका यङ्गालहिटी र भृङ्गारेश्वर अभिलेखहरूमा[102] अन्यवस्तुका साथै गाई-वस्तुलाई पनि धन भनिएको छ, जसले त्यस बखत पशुको महत्वबारे प्रकाश पार्दछ । अंशुवर्माको बट्टोल अभिलेख[103] बाट अंशुवर्माले हुङ्गेधारा बनाउने कामबाट खुशी भएर मल्लपोट (श्री धनबज्रका अनुसार भैंसीको पाडो) र सुगुरमाथिको कर माफ गरिदिएको वर्णन छ । अंशुवर्माकै बुङ्गमती अभिलेखमा[104] कुखुरा, सुगुर, भैंसीको पाडो र माछाको राम्रो हेरचाहले खुशी भएर उक्त गाउँमा भट्टाधीकरणको प्रवेश राखेर केही करहरू माफी गरी पशु-पंक्षी को पालन गर्ने उद्योगलाई प्रोत्साहन दिएको तथ्य प्रकट हुन्छ । यस्तै पशुमाथि कर कम गर्ने अथवा करको माफीको चित्र भीमार्जुन- जिष्णुगुप्तको यङ्गालहिटी अभिलेखबाट पनि पाइन्छ[105] । अंशुवर्माकालीन भट्टवाल र टिस्टुङ्गका अभिलेखमा चौरीगाईको पुच्छर, मृग, ऊन र कस्तुरी आदिको बिदेश निकासी बन्द गरी केही मात्रामा पशुबधको रोकथाम गरिएको बुझिन्छ[106] । यस्तै तौखेलको अभिलेखमा भैंसीको उल्लेख पाइन्छ[107] । मल्लकालमा पनि पशुधनको विकासका लागि सरकारीयन्त्रले प्रोत्साहन दिएको फलस्वरुप अनेक पशुहरूको उल्लेख ठाउँ-ठाउँमा पाइन्छ । शाहकालीन नेपालमा रणबहादुर शाहले पशुको विकास र प्रवर्द्धनका लागि विदेशबाट नयाँ किसिमका गाई, सँढे, घोडा र अन्य जनावरहरू मगाएका कुरो सर्वविदित छ ।

हाम्रा प्राचीन अभिलेखहरूमा जनावरहरूको विकासका लागि कुन अड्डालाई जिम्मेवारी सुम्पिएको हो भन्ने र सम्बन्धित अधिकारीहरूको नाउँको उल्लेख परेको छैन । पशुधनको रेखदेखका लागि अधिकारीहरूका नाउँ 'अश्वाध्यक्ष', 'भटाश्वपति', 'गोअध्यक्ष', 'गोकुलप्रमुखाधिकारी', 'करितुरगपत्तनाकरस्थानविषय गोकुल प्रमुखाधिकारपुरुषान'[108] आदि थियो भन्ने कुरा भारतीय अभिलेखहरूबाट थाहा पाइन्छ । खालीमपुर (बङ्गाल) बाट प्राप्त आठौं श. इ० सन् को धर्मपालको ताम्रलेखमा 'हस्त्यश्वगोमहिष्यजा–विकाध्यक्ष' (हात्ती, घोडा, गाई, भैंसी, बाख्रा आदि रेखदेख गर्ने अधिकारी) को उल्लेख पाइन्छ[109] । अर्को नारायणपालदेवको भागलपुर दानपत्रमा[110] हस्त्यश्वोष्ट्र–नौबल–व्यापृतक', र 'गोमहिषाजाविकाध्यक्ष' (गाई, भैंसी, हात्ती, घोडा, ऊँट, बाख्रा ,नाव आदि हेरचाह गर्ने अधिकारी) को चर्चा गरिएको पाइन्छ । अर्को अभिलेखमा[111] 'गोमहिष्य–अधिकृत' र चेदिराजा कर्णको बनारस ताम्रपत्र लेखमा[112] 'महाश्वसाधनिको' आदि गाई, भैंसी, र घोडाहरू हेरचाह गर्ने अधिकारीहरूबारे उल्लेख पाइएको छ । यस्तै 'नागवनाध्यक्ष' नाउँका वन अधिकारीको काम हात्तीहरूको संवर्द्धनका लागि उपयुक्त हुने वन लगाउने र त्यसको सुरक्षा गर्ने थियो[113] । यो काम हाम्रो सरकारले गैंडाको वृद्धि र सुरक्षाका निमित्त चितवनमा गरेको उपायसंग तुलनीय छ । यसरी नेपाली अभिलेखमा पशुको विकास र हेरचाहका लागि अधिकारीहरूको नाउँ उल्लेख नगरिएको भए पनि भारतका छिमेकी प्रदेशहरूका अभिलेखहरूबाट प्राप्त नाउहरूसंग मिल्ने थियो होला भन्ने अनुमान गर्न सकिन्छ । यस्ता अधिकृतहरूको नाउँ उल्लेख भएपनि हाम्रो आँखा अगाडि

नआएको मात्र हुन सक्दछ। अनुसन्धान गर्दा भविष्यमा भेटिन सक्दछ ।

सार्थवाहहरूको संगठन र तिनको सामाजिक स्थिति–

देउपाटनको संवत् ४०२ को रत्नसंघको अभिलेख-बाट उरुधि र टेबहालको संवत् ४०२ को व्यापारी सार्थवाह गुहमित्र आदि लिच्छविकालका ठूला धनी सार्थवाहहरू थिए र तिनको व्यापार टाढा-टाढाका देशहरूसंग थियो भन्ने कुरामा उल्लेख गरिसकेको छ । यहाँका जनश्रुतिमा प्रचलित सिंहसार्थवाह र कोटिकर्ण आदि सार्थवाह व्यापारीहरूका कथा काठमाडौंका बौद्धविहार-हरूमा चित्रित गरिएका पाइन्छन् । सार्थवाहबारे यति विवरण प्राप्त भएपनि तिनको सामाजिक स्थिति र संगठन बारे हाम्रा अभिलेखहरू मौन छन् । मेधातिथि (मनुस्मृतिको व्याख्या– ८/४१) र याज्ञवल्क्यमाथि टिप्पणी (२/३०) गर्दै विज्ञानेश्वरले सार्थवाहहरूको गोष्ठीको उल्लेख गरेका छन्[114] । विदेशी व्यापार गर्ने व्यापारी समूहलाई बन्जारा पनि भन्ने चलन थियो र तिनका नेता सार्थवाह हुन्थे[115] । वैशाली (बिहारको मुजफ्फरपुर नजीक) को उत्खननबाट प्राप्त भएको एउटा पाको माटाको मुद्रा (Seal) मा सार्थवाह कुलका व्यापारी निगम ("श्रेष्ठी सार्थवाह कुलिक निगमस्य") को उल्लेख भएको पाइएको छ[116] । कुमारगुप्त प्रथमको दामोदरपुर तामा पत्र लेखमा सार्थवाह बन्धुमित्रको उल्लेख सरकारी जागिरदारको रूपमा गरिएको पाइन्छ[117] । दामोदरपुरकै अर्को तामापत्रमा यस्तै सार्थवाहलाई सरकारी प्रशासनिक ओहदामा राखिएको वर्णन पाइन्छ[118] ।

बाटामा चोर र डाँकाको उत्पात–

विनय (१/२२०) का अनुसार कोशलराज्यको साकेत र श्रावस्तीका माझको बाटामा चोर र डाँकाहरूको धेरै उत्पात थियो । वामनपुराणमा साकलको एउटा व्यापारी सौराष्ट्रका लागि गैरहेको बखत बाटामा राजस्थानको मरुभूमिमा डाँकाहरूद्वारा लुटिएको घटनाको उल्लेख भएको छ[119] । महाकवि कालिदास रचित मालविकाग्निमित्र (पञ्चम अङ्क) मा सार्थवाहहरू जङ्गलभित्र बास बस्दा कपडाले छाती कसेका, कुर्कुचासम्म झुण्डिने मयूरका प्वाँख लगाएका, हातमा धनु लिएका, जोरसंग कराउँदै डरलाग्दा डाँकाहरू आए । सार्थवाहका सिपाहीहरूले केही बेर ती डाँकाहरूसंग लडाई गरे । तर पछि डाँकाहरूले तिनीहरूलाई हरइदिए[120] । उद्योतन सूरीको कुवलयमाला अनुसार सार्थवाहहरू आफ्ना साथमा धेरै संख्यामा हातहतियार भएका सिपाही लिई हिंड्थे[121] । पालीग्रंथहरूमा पनि यस्ता व्यावसायिक सार्थसुरक्षा दलबारे उल्लेख भएको छ[122] । सार्थवाहका सार्थदलका साथ अर्को एउटा स्थलनियामक नाउँको कर्मचारी हुन्थ्यो । थलनिय्यामक नाउँका अधिकारीले वनजन्तु, डाँका र राक्षस आदिबाट व्यापारीहरूलाई सुरक्षासाथ पथ-प्रदर्शनको काम गर्दथ्यो[123] । चोर–डाँकाको उत्पात नेपालमा पनि थियो भन्ने व्यहोरा लिच्छविकालका अभिलेखहरूबाट पनि थाहा पाइन्छ[124] । जयस्थितिमल्लले चोरहरूलाई सजायँ गरेको व्यहोरा गोपालवंशावली (५६ ख) मा उल्लेख भएको छ[125] । पाटन मीननाथको लिच्छविकालका अभिलेखमा वर्णन अनुसार यस्ता विभिन्न किसिमका अपराध गरी अपराधीहरू सुरक्षित धरिएको बनदुर्गभित्र लुक्दथे[126] । चोर समेत यस्ता पाँच वटा अपराध गर्नेमाथि कारवाही गर्ने नेपालको लिच्छविकालमा 'शोहल' अधिकरण थियो भन्ने कुरा पार्सिस्थको अभिलेखबाट थाहा पाइन्छ[127] । शायद यस्ता चोर–डाँकाका बिरुद्ध काम गर्ने सर्वोच्च अधिकारी महासर्वदण्डनायक र आजका प्रहरी जस्तै भटहरू थिए[128] ।

व्यापारीको माल हराएमा, चोरीमा अथवा डाँकाहरूले खोसी लगेको खण्डमा गाउँ प्रमुख, गाउँबाहिर विविताध्यक्ष' नाउँका अधिकारी, 'चोररज्जुक' आदि र सीमाक्षेत्रमा चोरिएमा सीमास्वामी' बाट असूल-उपर गराउने प्राचीन व्यवस्था थियो[129] । देवपालको नालंदा ताम्रलेखमा चौरोद्धरणिक' र 'दाण्डिक' नाउँका यस्ता अधिकारीहरूको उल्लेख भएको छ[130] । भागलपुरबाट प्राप्त नारायणपालको अभिलेखमा "चौरोहरणिक" नाउँका अधिकारीको वर्णन पाइन्छ[131] । कौटिल्य अर्थशास्त्रले बाटाको सुरक्षाका लागि 'अन्तपाल' नाउँका अधिकारी जिम्मेवार रहेको कुरा बताउँछ ।

बाटो कर

नयाँ बाटाको निर्माण र मरम्मतका लागि अरू देश जस्तै प्राचीन नेपालमा पनि बाटो कर लगाइन्थ्यो । यस किसिमका कर पैदल हिंड्ने बटुवामाथि नलगाई सामान-

माथि लगाइने कुरा विभिन्न अभिलेखहरू र अन्य स्रोतबाट थाहा पाइन्छ । यी सामानहरू भरियाले बोकी लाने[132] अथवा कुनै वाहन (रथ, हात्ती, घोडा, गाई-गोरु, रांगा, बाख्रा, गधा, ऊँट आदि) माथि बोकाएर ओहर-दहर गर्दा कर लगाइन्थ्यो । कौटिल्य अर्थशास्त्रले बाटो कर, गाडा कर र आयात-निर्यात शुल्क सङ्कलन गर्ने चौकीबारे वर्णन गरेको छ[133] । करबारे महाभारत, शान्तिपर्व (८७/१४) मा एउटा रमाइलो वर्णन छ जस अनुसार किन-बेच, बाटो, बाटो-खर्च, मालको प्राप्ति, सुरक्षा आदि कुराको विचार गरी व्यापारीहरूसंग कर लिने सल्लाह दिइएको छ[134] । लिच्छविकालको चापागाउँ अभिलेखमा स्थलद्रङ्गमा[135] विभिन्न किसिमका माछा बेची फर्कंदा प्रत्येक भारी माछामाथि भन्सार लाग्ने कुराको वर्णन छ । त्यस्तै भट्टवालको अभिलेख अनुसार[136] त्यस ठाउँलाई नेपालको पश्चिमद्वार भनिएको र त्यस ठाउँमा भंसार अड्डा र भंसार अधिकृत (शौल्किक) थिए । साथै यसले विभिन्न सामानमाथि शुल्क र ताप नाउँको कर-हरू लगाउने चलन रहेको कुरा प्रमाणित गर्दछ । त्यहाँ व्यापारिक मालसामान र भंसार अड्डालाई सुरक्षा प्रदान गर्ने गौल्मिक पनि थिए । भारतीय अभिलेख तथा साहित्यबाट पनि यस्ता सीमामा रहेका सरकारी अड्डामा शुल्क (Toll) बाहेक वर्त्तनी नाउँको अर्को कर पनि तिर्नु पर्दथ्यो भन्ने विवरण आउँछ । त्यहाँ पनि यस्ता शुल्क सङ्कलन गर्ने अड्डाको सुरक्षाका लागि अधिकारी रहेको र देशको व्यापारिक कानून र नियम उल्लघन गर्ने व्यापारीहरूलाई थुन्ने समेत ठाउँ भएको व्यहोरा प्राप्त हुन्छ[137] । त्यस्ता शुल्क लाग्ने ठाउँ राज्यसीमा अथवा द्रङ्गको सीमाक्षेत्रमा हुन्थे । कल्हणद्वारा रचना गरिएको नाटक राजतरङ्गिणीमा काश्मीरको एउटा द्रङ्ग भंग गरी द्रङ्गका अधिकारीहरूलाई बाँधी भन्सार लिई राजा जस्तै मालसामानमा आफ्ना नाउँका छाप लगाएको रमाइलो वर्णन छ[139] । मध्यकालीन नेपाली अभिलेखमा 'जगात' शब्द-को उल्लेख छ । 'जगात' शब्दको अर्थ बाटो करको रूपमा गरिन सकिन्छ । जगात भनी घण्टाकर्णका दिन हालसम्म पनि बाटो रोकी, बाटो कर असुल्ने सांस्कृतिक परम्पराले मल्लकालीन नेपालमा प्रचलित बाटो करको संझना दिलाउँछ([139]क) । विशाल नेपालका निर्माता पृथ्वीनारायण शाहको शाके संवत् १६८४ को नुवाकोट दरबार लेखमा पनि यस्तै मिल्ने वर्णन छ । उनले बनारसबाट फर्केर आउँदा बाटा-मा शुल्क सङ्कलन गर्ने तुर्क अधिकारीलाई मारिदिएको वर्णन छ[139] ।

शुल्क सङ्कलन हुने भंसार अड्डा, 'मण्डपिका'–

बाटोको कर अथवा भंसार संकलन गर्ने सरकारी अड्डालाई 'मण्डपि' अथवा 'मण्डिपिका' भन्ने चलन थियो । नक्साल नारायणचौरको लिच्छवि–अभिलेखमा यस्ता पोन्दिमण्ड-पिका' र 'विङ्वोचामण्डपि' नाउँ गरेका दुई वटा मण्ड-पिको नाउ उल्लेख भएको छ[140] । यस्ता कर संग्रह गर्ने मण्डपिकाहरूको[141] उल्लेख भारतीय अभिलेखहरूमा पनि ठाउँ-ठाउँमा भएको पाइन्छ । अभिलेख विषयका प्रसिद्ध भारतीय विद्वान् दिनेशचन्द्र सरकारका विचारमा मण्डपिकाका अधिकृत 'माण्डपिक' अथवा शौल्किक' हुन्थे[142]। मध्यकालीय नेपालमा पनि ठाउँ-ठाउँमा 'भंसारहिटी' (नक्साल नीलीशाला प्रणाली क्षेत्र), भंसार चौक (पाटन दरबार क्षेत्र), आदिमा यस्ता भंसार अड्डा रहेको कुरा सो ठाउँहरूका नाउँबाट अनुमान गर्न सकिन्छ ।

नेपाललाई विदेशसंग जोड्ने बाटाहरू–

नेपालको सम्पर्क भारतका अनेक नगर र त्यस बखतका राज्यहरूसंग रहेको कुरा विभिन्न ऐतिहासिक स्रोतबाट थाहा पाइन्छ । पाँचौं शताब्दी ई. पूर्वमा श्रावस्तीका व्यापारीहरू बराबर नेपाल आउने–जाने गर्दथे भन्ने कुरा जिनमित्रद्वारा लेखिएको मूलसर्वास्ति-वाद विनयग्रंथबाट थाहा पाइन्छ । भगवान् शाक्यमुनि बुद्धका प्रमुख शिष्य आनन्दपाणि आफ्ना परिवारका सदस्यसंग भेट्न व्यापारीहरूका साथ नेपाल आएका थिए भन्ने पनि त्यही ग्रंथबाट थाहा पाइन्छ । आनन्दका परिवारका साथै अन्य शाक्यपरिवारहरूलाई पनि कपि-लवस्तु र आफ्नो घर छोडी असाध्य जाडो हुने र बरफले ढाकिएको नेपालमा आउन परेको कारण, भगवान बुद्धके जीवनकालमा श्रावस्तीका राजा विरूढक (प्रसेनजितका छोरा) द्वारा कपिलवस्तुको विनाश गरिएको कारणले होला आचार्य कौटिल्यले आफ्नो अर्थशास्त्रमा नेपालबाट कम्बलहरू भारतीय बजारमा बिक्री गरिने कुराको उल्लेख गरेका छन् । तेस्रो शताब्दी ई. पूर्वमा मगधका सम्राट अशोक नेपालमा आएका थिए । उनले पाटनका सबै दिशाहरूमा स्तूपको निर्माण गराएका

र आफ्नी छोरी चारुमतीको विहा नेपालका एकजना राजकुमारसंग गराएका थिए भन्ने कुरा वंशावली र नेपालका जनश्रुतिमा सशक्त रूपमा वर्णित छन् । चारुमतीकै नाउँबाट देउपाटनका केही भाग चावहिल टोल भनी प्रसिद्ध भएको छ ।

काठमाडौंका मूर्तिकलामा खासगरी हाँडिगाउँबाट प्राप्त पहिलो श. ई. सन्तिरको यक्षमूर्ति (हाल राष्ट्रिय संग्रहालय छाउनीमा राखिएको), केही प्राचीन किसिमका सारा नन्दी र कुमार समेतका उमा–महेश्वर मूर्तिहरू, केही श्रीलक्ष्मी मूर्तिहरू, पछि लिच्छविकालका सूर्य मूर्तिहरूमा कुषाण राजाहरूको (लामो कोट र बूटको) प्रभाव आदिले पनि नेपाली मूर्तिकलामा मथुराको कुषाणकालीन मूर्तिकलाको निकै प्रभाव र अनुकरण भेटिन्छ । लिच्छविकालका तामामुद्रामाथि कुषाण, यौधेय र गुप्तमुद्राको तौल र छापको निकै प्रभाव भेटिन्छ । चाँदीका पञ्चमार्क, कुषाण र यौधेयगणका मुद्राहरूको काठमाडौंबाट प्राप्त[143] आदि कुराहरूले पनि त्यसकालमा भारतसंग नेपालको व्यापारिक, सांस्कृतिक र आवत–जावतको निकै सम्बन्ध रहेको कुरा प्रमाणित गर्दछ । यी सब सम्बन्धका कारण नेपालमा त्यसकालमा आभीरगुप्तहरू हुन् कि भन्ने सम्भावनातिर औंल्याउँछ । गोपाल वंशावली र लिच्छविकालका शिलालेखहरूबाट नेपालमा आभीर–गोपहरूको राज्य थियो भन्ने प्रमाणित हुन्छ । यी आभीरहरू मथुराबाटै नेपालमा पसेका, बढी सम्भावना भएको हुनाले, काठमाडौंमा कुषाण मुद्राको प्रचलन (आफ्नो मुद्रा ढाल्ने सीप नभएकोले) भएको र मूर्तिकलाको विकास पनि मथुराशैलीकै आधारमा लगभग पहिलो शताब्दी ई पूर्व अथवा ई. सन्मा यहाँ भएको अनुमान गर्न सकिन्छ । तर लेख्ने कला (शिलालेख, ताम्रलेख) को विकास यहाँ नभएकाले तात्कालिक इतिहास थाहा पाउन गाह्रो भएको हो ।

भारतको गुप्त साम्राज्यको जग हाल्ने लिच्छवीहरूको निकै देन भएको कुरा चन्द्रगुप्त कुमारदेवी मुद्रामा लिच्छवयः' अभिलेख हुनु र समुद्रगुप्तको प्रयागस्तंभ लेखमा आफूलाई 'लिच्छवीदौहित्र' भनी लेखाउनुका साथै स्कन्दगुप्तका भितरी स्तम्भलेख र विहारस्तम्भलेख, द्वितीय कुमार गुप्तका भितरी मुद्रालेख आदि सबै प्रमुख गुप्तराजहरूले आफ्ना अभिलेखहरूमा लिच्छवीहरूको उल्लेख गराउनमा गुप्तहरूको उदयका लागि नेपालमा बसोबास गरेका लिच्छवीहरूको ठूलो योगदान थियो भन्ने अनुमान गर्न सकिन्छ । त्यसकालसम्म (लगभग पहिलो-दोश्रो शताब्दी ई. सन्सम्म) मा लिच्छवीहरूले नेपालमा आफ्नो प्रभुत्व कायम गरिसकेका थिए होला । नेपालमा पनि लिच्छवीहरूको राजनीतिक सत्ता कायम गर्न भारतका गुप्तहरूको अपरोक्ष हात थियो कि भन्ने शङ्का लाग्दछ । लिपि (ब्राह्मी लिपि), भाषा (संस्कृत भाषा), आर्थिक संगठन, प्रशासनतन्त्र, मूर्तिकला, स्थापत्यकला आदि सबै क्षेत्रमा नेपालका लिच्छवीहरूमाथि गुप्तहरूको ठूलो प्रभाव परेको देखिन्छ । यसले उक्त कालमा नेपालको भारतसंग बराबर आवत–जावत र दुवै देशलाई जोड्ने राम्रो बाटो भएको प्रमाण प्रस्तुत गर्दछ ।

लिच्छविकालीन विभिन्न अभिलेखमा पनि दक्षिणतिरबाट नेपालमा बराबर मानिसको आवागमन र वैवाहिक सम्बन्ध भएका थुप्रै घटनाक्रम प्रस्तुत गरिएका छन् । यी चित्र प्रस्तुत गर्ने अभिलेखहरू हुन्– ज्ञानेश्वरको अभिलेख मा[144], शङ्खमूल सिकुबहीको अभिलेख[145], यागबहालको संवत् १०३ को नरेन्द्रदेवको अभिलेख[146] । साथै पशुपतिमा रहेको जयदेवको अभिलेख[147] बाट पनि उक्त कुराको पुष्टि हुन्छ । लिच्छवी राजा शिवदेव द्वितीयले आदित्य सेनकी नातिनी र मौखरी कुलकी छोरी वत्सदेवीसंग विहा गरेका थिए र जयदेव महारानी वत्सदेवीका छोरा थिए । जयदेवले पनि गौड, उडू, कलिङ्ग र कोशलका राजा श्री हर्षदेवकी छोरी राज्यमतीसंग विहा गरेका कुरा उनकै अभिलेखबाट प्रमाणित हुन्छ ।

मल्लकालीन नेपालमा पनि भारतसंग व्यापारिक, धार्मिक र वैवाहिक सम्बन्ध कायम भएका धेरै प्रमाणहरू पाइन्छन् । कर्णाटकबाट आएका नान्यदेवले १०९७ ई० सन्मा सिमरौनगढमा आफ्नो राजधानी बनाएका थिए । नान्यदेव र उनका उत्तराधिकारीहरू रामसिंह आदिले काठमाडौंमाथि अनेक पटक आक्रमण गरेका कुरा गोपालराजवंशावलीबाट थाहा पाइन्छ[148] । प्रताप मल्लले पनि काठमाडौं बाहिर महाविहार नगरकी अनन्त प्रियादेवी र भगवतीपुर देशका राजा कीर्तिनारायणकी छोरी लालमतीदेवीसंग विहा गरेका थिए[149] । वृहद् नेपालका निर्माता श्री पृथ्वीनारायण शाहको दोस्रो विवाह बनारसमा भएको थियो । उपर्युक्त विहाबारीबाट पनि नेपालको भारतसंग

घनिष्ट सम्पर्क रहेको थियो र यसबाट नेपाल–भारतको बाटाको इतिहास विभिन्न कालमा राम्रो थियो भन्ने प्रमाणित हुन्छ ।

भारतसंगको सम्पर्क बाटाहरू

प्राचीन नेपालले भारतसंग पूर्व र पश्चिम दुवैतिर बाट जोड्ने बाटो कायम गरेको र तिनको मरम्मत–सम्भार गरेको थियो । पूर्वको बाटोबारे राम्रो ज्ञान १२२८ ई० सन्मा नेपाल र भारत अध्ययनका लागि आउने तिब्बती विद्वान् चाग-लो-त्स-वा (संस्कृत नाउँ धर्मस्वामी) को वर्णनबाट हुन्छ[150] । श्री धर्मस्वामी नेपाल (ढाल काठमाडौं) बाट ऋषिशीर्ष (कालो पर्वत), महाभारत र चुरे पर्वत पार गरी तीन महीनामा सिमरौनगढ (कर्णाटकी नान्यदेव र तिनका उत्तराधिकारीहरूका राजधानी, हालको कलैया बजारबाट ६–७ कोस पूर्व-दक्षिणमा रहेको भग्नावशेष) पुगेका थिए । त्यहाँबाट वैशाली नजीक गङ्गा तरेर उनी पाटलीपुत्र र अरू ठाउँहरूमा गएका थिए । भारतको प्रसिद्ध उत्तरापथ पूर्वमा ताम्रलिप्ति (बङ्गाल) को समुद्री किनारदेखि चम्पा, पाटलीपुत्र, वाराणसी, प्रयाग, साकेत, कान्यकुब्ज, मथुरा, हस्तिनापुर, शाकल, तक्षशिला, पुष्कलावती, कपिशा, वाहलिक र कम्बोज (कम्पुचिया) सम्म पुग्न सकिन्थ्यो भन्ने कुरा ५०० ई. पूर्वका प्रशिद्ध विद्वान पाणिनिले उल्लेख गरेका छन्[151] । पूर्वमै अर्को बाटो, खासगरी तिब्बतबाट सोझै भारततिर लगिने मालसामानहरू दोलखा, जनकपुर भएर लगिन्थ्यो होला । गोपालराजवंशावली अनुसार नान्यदेव वंशका अन्तिम राजा हरिसिंहदेव यही बाटो भई भतातिर आउन लागेका थिए र बाटैमा मारिएर लुटिएका थिए[152] ।

नेपालबाट भारततिर लाग्ने पश्चिमको बाटो पनि थियो । यस बाटोबारे पश्चिम अंशुवर्माको भट्टआल र टिस्टुङ्गबाट पाइएका एउटै व्यहोरा र शायद एकै मितिमा संवत् ३१ मा कुँदिएको छ । यी अभिलेखहरूमा नेपाल देशको त्यसकालमा रहेको पश्चिम–दक्षिण सीमाचेत्र (पश्चिम ढोका) को स्पष्ट उल्लेख गरिएको छ[153] । उक्त अभिलेखले जिल्लाधिकारी, भंसार अधिकृत सीमारक्षक चौकीका सेनाधिकारी आदिका साथै नेपालबाट निर्यात गर्न मनाही गरिएका फलाम, चमर, ऊन, कस्तूरी र तामाका भाँडाहरू बाहेक अरू सामानहरू लिई बाहिर गई बेच्न छुट दिइएको कुरा पनि प्रष्ट पार्दछ । यी दुबै अभिलेख बाहेक पाँच टिस्टुङ्गबाटै प्राप्त वसन्तदेवको संवत् ४३४ को अभिलेखमा पनि "स्वस्ति नेपालेभ्यः" भनी सम्बोधन गरिएको पाइन्छ । यस भेकबाट दुइवटा अरू पनि लिच्छवी अभिलेख पाइएका छन्, तीं हुन्– तौखेलबाट अंशुवर्माकै संवत् ३७ को तौखेल अभिलेख र अर्को चितलाङबाट महाराज उदयदेवको संवत् ४५ को अभिलेख । यस प्रकार चितलाङदेखि टिस्टुङ्गसम्म जम्मा पाँचवटा अभिलेखको प्राप्तिले पनि भारत जाने बाटो भएको नेपालराज्यको यस पश्चिमी सीमाचेत्रको महत्व र यहाँ रहेको महत्वपूर्ण व्यापारिक बाटोबारे प्रकाश पार्दछ ।

नेपाल तिब्बत–चीन बाटो

नेपालको उत्तरतिरको छिमेकी देश चीनसंग पनि धेरै अगाडिदेखि नै सम्बन्ध र सम्पर्क थियो भन्ने कुरा अनेक ऐतिहासिक घटनाबाट प्रमाणित हुन्छ । यो सम्पर्क र आवत–जावतले नेपाल–तिब्बत र चीनका बीच प्राचीनकालदेखि नै बाटो थियो भन्ने कुराको बोध गराउँछ । नेपाल–तिब्बतका बीच पहिलो सम्पर्क अंशुवर्माकालमा भृकुटीको विहा तिब्बती राजा श्रङ्ग-सांग-गम्पोसित गरिएर कायम भएका हो । यस कुराको उल्लेख तिब्बती वंशावलीले गरेको छ[154] । नरेन्द्रदेवलाई सत्तामा ल्याउन तिब्बतीहरूले मद्दत गरेका थिए भन्ने अनुमान गरिएको छ । उनकै शासनकालमा राजा हर्षशिलादित्यकहाँ चीनका ली-इ-पियओ नेपाल हुँदै गएका थिए[155] । अर्का चीनी राजदूत वाङ्ग-हियुन-त्से पनि नेपालमा नरेन्द्रदेवको आतिथ्य स्वीकार गर्दै हर्षशिलादित्यकहाँ गएका थिए । उनले राजा नरेन्द्रदेव, उनका दरबार, उनका पोशाक र आभूषणका साथै सामाजिक चलनका विषयमा रोचक वृत्तान्त प्रस्तुत गरेका छन् । राजदूत वाङ्ग-हियुन-त्सेले त्यस बखतको नेपालमा किसानभन्दा व्यापारीहरूको संख्या बढी रहेको कुरा लेखेका छन्[156] । नरेन्द्रदेवका छोराले ६५१ ई. सन्मा चीनका बादशाहकहाँ उपहार पठाएका थिए भन्ने श्री लेभीको भनाइ छ[157] । शायद यसै कुरालाई समर्थन गर्दै शिवदेव द्वितीयको लगनटोल अभिलेखमा प्रत्येक वर्ष

पाँचजना मानिसलाई भारको रूपमा तिब्बत पठाउने कुराको वर्णन छ[158]।

मध्यकालीन नेपालमा पनि चीनका बादशाह हाङ्ग ऊ-ले नेपालमा दुई पटक आफ्ना दूत पठाएका थिए। पहिलो दूत १३९० ई. सन्मा नेपालका राजा मतनका पालामा र दोस्रो पटक १४१३ मा आएको थियो। नेपाली राजाले चीनका बादशाहकहाँ सुनका मन्दिर र धार्मिक पुस्तक पठाएका थिए[159]। मल्लकाल र शाहकालमा नेपालका अनेक व्यापारीहरूले तिब्बतमा आफ्ना कोठी बनाई नेपाल-तिब्बत व्यापार र यातायातमा नियमितता ल्याएका थिए।

यी व्यापारिक आवत-जावतका अतिरिक्त नेपालबाट प्रसिद्ध स्थपति अरनिकोले चीनसम्म गई त्यहाँ अनेक मन्दिरहरू बनाएको कुरा सर्वविदितै छ। भारतको विक्रमशिला र नालन्दामा पनि अनेक तिब्बती छात्र र शिक्षक पठन-पाठन गर्दथे। यी दुवै बौद्ध विश्वविद्यालय तुर्क मुसलमानहरूद्वारा नासिएपछि भारतका र नेपालका पनि अनेक विद्वानहरू तिब्बत गएका थिए। तिनमध्ये मुख्य- कुमार, शीलमञ्जुश्री, बुद्धकीर्ति, शान्तिरक्षित, पद्मसम्भव आदि थिए।

श्री लेभीको भनाइ अनुसार दुवै देशका बीच आवागमनका दुइवटा बाटा थिए। एउटा किरोङ्गको बाटो, अर्को कुटीको बाटो। किरोङ्गको बाटो दुवै मध्ये अलि सजिलो थियो। श्री लेभीका अनुसार नेपाली राजदूत टोलीले पाँच-पाँच वर्षमा कुटीको बाटो भै चीनको दरबारमा उपहार लग्दथे र त्यहाँबाट चीनका बादशाहबाट पाएका उपहार खच्चर लिई किरोङ्गको बाटो भई फर्कन्थे[160]। नेपाल आउने पहिलो चीनी राजदूत ली-ई-पियाओ पनि तिब्बत-बाट किरोङ्गको बाटोभै आएका थिए। यसरी प्राचीन नेपालमा बाटाको राम्रो व्यवस्था हुनका साथै यातायातका साधनहरू पनि प्रशस्त र विविध किसिमका थिए भन्ने कुराको बोध हुन्छ।

पाद टिप्पणी

१. चाँगु. अभि.– 'प्रायात्पूर्व्वपथेन तत्र च शठा '"।

२ थानकोट आदिनारायणको संवत् ४२८ को अभि– "यावन्महापथः"।

३. हाँडिगाउँ सत्यनारायण मन्दिर गरुडस्तंभलेख– 'पथेन सौगताः"।

४. नरेन्द्रदेवको संवत् १०३ को यागबहाललेख– "वृहत्पथस्तत्पूर्वोत्तरङ्गत्वा"।

५ नरेन्द्रदेवको संवत् १०३ को बज्रधर अभि.– "वृहदारामस्यपूर्वमुखेमहापथ"।

६ शिवदेव द्वितीयको संवत् ११९ को लगनटोल– "चानुसृत्य स्वल्पः पन्था"।

७ शिवदेव द्वितीयको संवत् १२९ को बलम्बुलेख– "बृहत्पथस्य"।

८ जयदेवको संवत् १३७ को च्यासलटोललेख– "महापथेन च पश्चिमंगत्वा"।

९. नक्साल नारायणचौर अभि.– "दक्षिणाभिमुखेन महापथानुसृत्य'।

१०. मङ्गलबजार धारा अभि.– "धोलवासप्रदेशेमहापथे"।

११. थानकोट आदिनारायण अभि.–"ततोपिहस्तीमार्ग"।

१२. सीतापाइलाको वसन्तदेवको अभि.– 'मार्गात् पश्चिमेन राजभूमे"।

१३. भक्तपुर कुह्मालेटोल अभि.– "वि... यरवोट्ट सूल्यमार्ग लदेवी मार्गे'।

१४. शिवदेव र अंशुवर्माको चांगु अभि.– "मार्ग शिला"।

१५. " " बनेपा "– "पानीय मार्ग"।

१६. " " टोखा "– 'मार्गमनुसृत्य"।

१७. नरेन्द्रदेवको यङ्गालहिटी अभि.– "कोङ्गोबिल्वमार्ग'।

१८. " यागबहाल "– "वृहन्मार्ग'।

१९. " बज्रधर "– "म्हुप्रिङ्गामीमार्ग'।

२०. शिवदेव द्वितीयको लगनटोल अभि.–"सएव वृहन्मार्ग'।

२१. नक्साल नारायणचौर अभि. – "छूमकुटी मार्गस्य"।

२२. देउपाटन कसाईटोल अभि.– "वृजिकरथ्या निवासी"।

२३. नक्साल नारायणचौर अभि.–"रथ्यामूलस्य यद्दुद्वारं"।

२४. डि. रमण रेग्मी, मध्यकालीन नेपाल, IV, पृ. ३०६, ने. सं. ८७४ को अभि.– 'रथमार्गेण पश्चिमतः"।

२५. पूर्णिमा, १२, पृ. १८, ने सं. ६७८ को मेल्लवर्माको ताडपत्र– "रथ्यामार्गेण दक्षिण"।

२६. डि. र. रेग्मी, IV; पृ. ७३– "चौडोबाटेन पूर्व्वतो"।

२७. A. Ghosha, The City In Early Historical India, p. 51.।

२८. A. Ghosha, ibid, p. 50.।

२९. लिच्छविक लका भेल्बु अभिलेख; राजपथ र राजमार्ग-को उल्लेख पहिलो शताब्दी ई कालीन अश्वघोष रचित बुद्धचरितमा पनि पाइन्छ। The Buddha Carita, Asvaghosa, Edi. E. J. Johnston, 2nd edi, Oriental Books Reprint Corporation, 1972, p. 20– "शोभां परां राजपथस्य चक्रुः।"; p. 23– "कीर्णं तथा राजपथं कुमारः पौरैर्विनितैः शुचिधीर वेषैः।"; p 21– शनैः शनैः राजपथं जगाहे पौरैः"; p. 20 "ततैः कृते श्रोमति राजमार्गे श्रीमान्वि-नीतानुचरः कुमारः" यस शब्दको उल्लेख भारतीय अभिलेखमा पनि पाइन्छ। उदाहरणका लागि प्रस्तुत छ– वासुदेव उपाध्याय, प्राचीन भारतीय अभिलेखों का अध्ययन, पृ. ६७, "राजमार्गास्सैण्यप्रयाण समये"। यस्तै सिद्धसिसूरीको उपमीतीभवप्रपन्च कथामा कुनै पनि शहरमा दुइवटा महाराजमार्ग बना-उने सिफारिश गरिएको छ।

३०. थानकोट आदिनारायण अभि., नरेन्द्रदेवको यागबहाल अभिलेख र जयदेवको च्यासलटोल अभिलेखहरूमा उल्लेख भएको छ।

३१. शिवदेव द्वितीयको लगनटोल अभिलेख।

३२ नरेन्द्रदेवको बज्रधर अभिलेख र शिवदेव द्वितीयको बलम्बु अभिलेख।

३३. नक्साल नारयणचौरको लिच्छवी अभिलेख- "महार-थ्यायां स्तम्भितशिल"।

३४ D. R. Regmi, M. Nepal, III. p 133 "मुल मार्गेन उत्तरतःग्राहकेन क्षेत्रेण पूर्व्वत"।

३५. नक्साल नारायणचौर अभिलेख।

३६. नरेन्द्रदेवको देउपाटन कसाईटोल शिलालेख "वृजि-करथ्या निवासी मधु सूदन वामी"।

३७. भक्तपुर कुह्मालेटोलको लिच्छविकालीन अभिलेख।

३८. शिवदेव द्वितीयको लगनटोल अभिलेख– चानुसत्य स्वल्पः पन्था"।

४०. A. Ghosha, ibid, p. 50 माथि उल्लेखित अहरको अभिलेखाफुरथ्या शब्दको प्रयोग भएको छ।

४१. The Age of Imperial Unity, II p. 599; अरू हेर्नुस्– वासुदेव उपाध्याय, प्राचीन- अभि-लेखको अध्ययन, भाग २ को पृ. १८७, चंदेल राजा धगको खुजराहो अभिलेख– 'ग्रामे पायर मण्डलोषु वणिजां वीथी पथे चलरे"।

४२ डा. राधा कुमुद मुकर्जी, हिन्दु सभ्यता, हिन्दी अनु; पृ. ३०८ बनारसमा हाथी दाँतको काम गर्नेहरूको गल्ली (दन्तकार वीथी, जातका १/३२०, २/१९७) रङ्गको काम गर्नेहरूको गल्ली (रजक वीथो, जातक ४/८१), वैश्यहरूका गल्ली (वेस्स व्यापारी जातक, १/३५६) वर्णन छ।

४३. The Buddha Carita, ibid, p. 22 'कुमारं पथि वीक्षमाणाः स्त्रियो बभुर्गामिक गन्तु कामाः"।

४४. नरेन्द्रदेवको वज्रधर लिच्छवी अभि.– "सरल वन गामी मार्ग"।

४५. थानकोट आदिनारायण अभि.– "पानीयमार्गविधिः", भक्तपुर कुह्मालेटोल अभि.– 'मार्गस्य हेली तिलं', बनेपाको शिवदेव+अंशुवर्माको अभि.– "पानीय मार्ग", नरेन्द्रदेवको यागबहाल अभि. "पानीयमार्ग" इत्यादि।

४६. थानकोट आदिनारायण अभि.–"ततोपि हस्तिमार्गं"।

४७. नरेन्द्रदेवको वज्रधर अभि.– "म्हुप्रिङगामी मार्ग– लो-प्रिङगामी मार्ग"; नक्साल नारायणचौर अभि.– "ग्राम गामी मार्ग"।

४८. चांगुको शिवदेव+अंशुवर्माको अभि.– "पर्व्वतस्योपरि-बिल्विङमार्ग"।

४९ यागबहालको नरेन्द्रदेवको अभि.– "पार्श्वालिमार्गेणोत्तरङ्गत्वा"।

५०. डि. र. रेग्मी, मध्यकालीन नेपाल, III, पृ. ७५–"थंथुलं कोथुलं", भारतीय अभिलेखहरूमा यिनलाई गोपथ र गोमार्ग भनिएको छ । उदाहरणका लागि प्रस्तुत छ– वासुदेव उपाध्याय, प्राचीन भारतीय–, पृ. १५९, खालिमपुर ताम्रलेख– "ओद्रग्राममण्डल सीमा कवस्थितो गो-मार्गः', पुनः भाग– २, पृ ९२ - "पश्चिमस्यां गोरथ्य" यहाँ गोरथ्य शब्दले बैलगाडा हिंड्ने बाटोतिर पनि औल्याएको हुन सक्दछ ।

५१. नक्साल नारायणचौर अभि.– "रथ्यामूलस्य यद्दुद्वारं प्रतिश्य"

५२. हाँडिगाउँ, अंशुवर्माको संवत् ३० को अभि.– "प्रतोल्याः पु. १ प ४", श्री धनवज्रज्यूले प्रतोल्याको अर्थ रथ हिंड्ने मूल सडक भनी लेख्नु भएको छ, तर यहाँ यो शब्द साधारण बाटाका लागि प्रयोग नभई शायद राजदरबारको ढोकाबाट दरबारलाई जोड्ने छानो भएको बाटोको अर्थ बोध गराउन प्रयोग गरिएको छ । यसै शब्दको अगाडि र पछाडि दक्षिणद्वार, पश्चिमद्वार, मानगृहद्वार, मध्यमद्वार र उत्तरद्वारको पनि उल्लेख भएकोले त्यो राजप्रासादभित्रैको छाना भएको बाटो हो भन्ने धारणालाई अझै पुष्टि गर्दछ । 'प्रतोल्या' शब्दको यस अर्थबारे सूचना यस पंक्तिका लेखकलाई प्रसिद्ध भारतीय विद्वान र पुरातत्त्व विभागका भूतपूर्व सल्लाहकार श्री कृष्णदेवबाट प्राप्त भएको छ । प्रतोल्या शब्दको उल्लेख अश्वघोष रचित बुद्धचरितमा गरिएको छ । बुद्धचरित, जनस्टन, पृ ५२– "स्वयमभवद्विवृताःपुर.प्रतोल्यः "॥

५३. पूर्णिमा, १५, पृ. २४६– "वक्रः पन्था यदपि भवतः प्रस्थितस्योत्तराशां"।

५४. पूर्णिमा, १२, पृ. १८– "रथ्यामार्गेण दक्षिणप्रदेश"; D. R. Regmi, M. Nepal, III, p. 306 "रथमार्गेण पश्चिमतः"; ठिमीको लिच्छवी अभि.– "गुरोर वासुदेवस्यरथे भूयाद"; शिवदेव द्वितीयको बलम्बु अभि.– "भगवतः श्रीपशुपति भट्टारकस्य प्रतिवर्षम् शोभमायात्रापि करनीया"; नक्साल नारायणचौर अभि.– "रथोत्तोलने", इत्यादि ।

५५. राधाकुमुद मुकर्जी, हिन्दू सभ्यता, हिन्दी अनु. पृ. १५७ ।

५६. Rhys Davids, Buddhist Suttas, p.9; Turnour, J. A. S. Bengal, VII, 1006, चक्रवर्ती राजाहरूका लागि चौबाटोमा थुप बनाउने परम्पराबारे भगवान बुद्धले स्वयं आनन्दलाई बताउनु भएको थियो । भारतको साँची यस्तै चारवटा बाटोको संगममा रहेको हुनाले अशोकले त्यहाँ स्तुप र स्तंभ गाड्न लगाएका थिए । वासुदेव उपाध्याय, प्राचीन भारतीय अभिलेखोंका अध्ययन, पृ. १९६ ।

५७. डा. मुकर्जी, हिन्दु सभ्यता, पृ. ३१० ।

५८. बलम्बुको शिवदेव द्वितीयको संवत् १२९ को अभि.– "बृहत्पथस्य त्रिसन्धि" ।

५९. भक्तपुर शिलालेख सूची, पृ. १३१;– "एक चार बाटा खनाई तैयार गर्यो" ।

६०. डि. रमण रेग्मी, मध्यकालीन नेपाल, IV, पृ. ७३– "अग्निहोत्रेन उत्तर चौडोवाटेन पूर्व्वतो" ।

६१. अर्थशास्त्र, II, ४ ।

६२. Sukra, I, p. 260 (trans, Sarkar, I, 519); Also A. L: Basham, The Wonder that was India, p. 224.

६३. T. N. Mishra, The Location of Kapilavastu and Archaeological excavations, 1978, p. 12, (PL–IX A), Also Ancient Nepal, Dept. of Archaeology, No. 41–42, 1977.

६४. डि. रमण रेग्मी, मध्यकालीन नेपाल, IV, पृ. १७२, ने. सं. ७९७ को अभि.– 'फणपि देशया..ध्वाकानथि लस लोहवन चिङा श्री शिखरनारायणया लोह ध्वाका दयका" ।

६५. हेमराज शाक्य, मध्यकालीन नेपाल, अभि. सं. ४४, "वारेफल न्हयवने लन्हयस चेकन अतवन चिङ"; केही अन्य अभिलेखहरूमा पनि ढुङ्गा छाप्ने वर्णन निम्न प्रकारसंग उल्लेख गरिएका छन्– भक्तपुर

शिलालेख सूचि (वीर पुस्तकालय), पृ. ११२; "मानन्धर सत्यसि श्री चंडेश्वरी देवी प्रीतिपूर्व्वकन देशया ध्वाकानिसें श्री ३ चंडेश्वरीया ध्वाखा लोन पुसितो लाओ लंचिङा जुलो।" भक्तपुर शि. सूचि, पृ ११३ "देविस्थानं निस्यं तामोत्वं लोहो लला चिङा जुलो"।

६६. वासुदेव उपाध्याय, प्राचीन भारतीय अभिलेखोंका अध्ययन, II, पृ. ४.; अशोकको गिरनार अभि.– 'पथेसु कूपा च खानापिता वं (व्र) छा च रोपापिता"

६७. अभि. संग्रह २, पृ. १३– 'पार्श्वे पट्टिक्या सहामल-जलद्रोणीमिमां दत्तवान् मार्गोन्मार्जन गोष्ठिकासु निहितं क्षेत्रञ्च तृरोपणम् ।। तत्पट्टिका पटलाच्छादनाय च शिवका चतुष्ट्यम्"। यहां यो स्मरणीय छ, पाटी शब्दको विकास यही पट्टिकाबाट भएको हो।

६८. पूर्णिमा, १०, पृ. २३–
"जयभूपतीन्द्र नृपतिस्तायप्रणालीम्मुदा"।
म्वेष्टेश्य परितुष्टये च व्यसृजद विश्रामशालां परां ।।
रम्या विश्रामशाला ललितविरचिता भूपतीन्द्रेण नूनं
स्तम्भस्तोर्मविचित्रा प्रमुदितमनसा पांथसंतापहन्त्री।
धर्म्मार्त्त: क्लान्तदेहा: श्रमकलितमुखा दिग्विदिगभ्य: समेता:
पीत्वा नीरं प्रणाल्यां जननिवहवरा: सादर संविशन्ति"।

६९ पुरातत्त्व पत्र संग्रह, ३, पृ. ४१,– "श्रीकाजी यशपाउ थापाकी नारी चित्तरेखा देवीजे बनायाका धर्मशालामा पांथजन आई... सुख पूर्वक बसुन"।

७० The Age of Imperial Unity, Vol-II, 1968, p. 606. उत्तराध्ययन सूत्र (३०–१५–१८) नामक जैनग्रंथमा सार्थविश्रामस्थलललाई सन्निवेश पनि भनिएको छ– डा. मुकर्जी, हिन्दू सभ्यता, पृ. ३०६।

७१. सुत्तनिपात, श्लोक, १०११–१०१३।

७२. देउपाटनको रत्नसङ्घको संवत् ४०२ को अभि.– "य: सर्थवाह उरूधि:किल रत्नसङ्घ:... प्रभुसंघनाम्न: लिङ्गाश्रिताक्वति"।
अर्को अभिलेख टेबहालको संवत् ४०२ को गुह-मित्रको तलबमोजिमको छ–
"वणिजां सार्थवाहेन गुहमित्रेण भक्तित:।
संस्थापितोत्र भगवानिन्द्रोनाम दिवाकर:"।

७३. यस अभिलेखको प्रकाशन योगी नरहरिनाथज्यूले गराउनु भएको छ। प्राचीन नेपाल (पुरातत्त्व विभाग) –११, पृ. ५१ मा पनि यसको चर्चा गरिएको छ।

७४. नरेन्द्रदेवको अनन्तलिङ्गेश्वर अभि.– 'कुलपतिना देयां कार्तिक शुक्लैकादश्याम्मार्ग संस्कारार्थन्तण्डुल मानिका ४"।

७५. अंशुवर्माको हाँडिगाउँ अभि.– "सम्मार्जयिष्या:"।

७६. रेग्मी, III, पृ. ८– "दत्तवान् मार्गोन्मार्जन गोष्ठीका सुनिहितं क्षेत्र च तृरोपणम्"

७७. रेग्मी, III, पृ. ७४–७५, ने. सं. ५७३ (ई. सन् १४५३)– "श्री स्वपस खारनो गड प्राकारनो लं ववाठनो दयकाजुरो .. श्रीश्रीप्रभुठाकुरस्यंनो प्रदिक प्रधाननो प्रजा पाखनो स्वप्वं देशश वसरपको समस्तस्यंवु, झोडन थं थंथुल, कांथुल थवथवसभुस... सोखयेमाल, सामविवद्वाले, सोथुप्रांत कुडछि धारेके काये..."।

७८. पूर्णिमा– २, पृ. ३१; रेग्मी- IV पृ. १५९,– "श्री-श्रीराजनप्रजापनि दुख बीयु थुति अर्थस जुरो, गढ-प्राकार ज्यास, ता साल ज्यास,... ग्वह्मन मयात, ओह्मयाके वसुत काव, खकिन चेय, पाखान पिकाव"।

७९. अंशुवर्माको हाँडिगाउँ अभिलेखमा दगुरि हिंड्थे हल्कारको उल्लेख भएको पाइन्छ– 'धावक गेच्छि-ग्जाकस्य पु. ३, प १"। यस्तै पैदल सेनाको चर्चा नरेन्द्रदेवको भंसारहिटी अभिलेखमा निम्न बमोजिम गरिएको छ–"बलगदवीर पदाति"। पैदल हिंड्ने,घामले पोलिएको र थाकेको बटुवाको उल्लेख भूपतीन्द्रमल्लको दथुफले, ठिमीको अभिलेखमा छ– "पाँथ सन्तापहन्त्री धर्म्मार्त्ता: क्लान्तदेहा: श्रमकलितमुखा दिग्विदिगभ्य: समेता:"। पैदल सेनाको वर्णन राधाकृष्ण मन्दिर-को ने. सं. ७५७ (ई. सन् १६३७) को अभिलेखमा पनि गरिएको पाइन्छ– 'येन श्रोणि भुजा प्रयाण समये पादात सैन्योच्छलद्धूलीजाल समुत्थितेन तमसा व्यो-मान्धकारीकृतम्"।

८०. सुनागुठी भृङ्गारेश्वर अभिलेखमा– 'भारानयन' र लगन शिवदेव द्वितीयको अभिलेखमा उल्लेखित 'भारिकजना:' बाट काँधमाथि भारि बोक्ने पुरानो चलनलाई प्रमाणित गदछ। धुम्बाराही उत्खननबाट प्राप्त लिच्छविकालका एउटा मृण्मय मूर्तिको दृश्यबाट पनि नोल र डालो लिई काँधमा बोक्ने प्राचीन परम्परालाई उद्घाटित गर्दछ।

८१. Dr. V. S. Agrawal, India As Known to Panini, p. 148.

८२. डा. अग्रवाल, पृ. १४८।

८३ भारहुतपट्टिकालेख निम्नप्रकारका छन्– "जेतवन अनधपेडिको देति कोटि संथतेन केता" (अनाथपिण्डक कोटि धनद्वारा जेतवन किनेर दान गर्दैछ) यो लेख चुल्लवग्ग (पृ. १५६) र जातक (१–६२–३) को निम्न लेखसंग मिल्दछ– "अनाथपिण्डिको गहपति सकटेहि हिरञ्ञं निब्बाहापेतु जेतवणं कोटिसंथारं सथरापेसि"। यहाँ अनाथपिण्डकलाई गृहपतिको सम्बोधन पलाञ्चोकको संवत् ४२५ को लिच्छविकालीन अभिलेखमा उल्लेखित 'सम्राडगृहपतेसंग तुलनीय छ। शायद पलाञ्चोक भगवतीको पादपीठ लेखका सम्राडगृहपति पनि विदेश व्यापार गर्ने एकजना ठूलो व्यापारी थिए।

८४ डा. मुकर्जी. हिन्दू सभ्यता, पृ. २६४; वासुदेव उपाध्याय, प्रा. भा. अभि., पृ. २ ३, बैलगाडाको उल्लेख एउटा चाइमान लेखमा पनि निम्नप्रकारसंग गरिएको छ "मार्गे गच्छतानामागतानां वृषभानां शेकेषु,'।

८५. पातञ्जलि भाष्य, II, ३१८।

८६. डा. अग्रवाल, पृ. १४८, पाणिनि, सेनाङ्ग II. ४.२.।

८७. Buddha Carita, edit E. J. Johnston, p. 14. 'रथांश्च गोयुक्तक संप्रयुक्तान्'।

८८. बुद्धचरित, पृ. २१ "तत: जाम्बुनद भाण्डभृयुक्त– चतुर्भिनिभृतैस्तु रङ्गै"।

८९. अंशुवर्माको नीलीशाला प्रणाली अभि – "भवतान्नीनी शाला प्रणाली कर्म परितो भितैस्माभि: लिङ्गवल षण्ढा शिवक वाहिका गन्त्री बली वर्दानाम प्रवेशेन व: प्रसाद: कृत:"।

९० लेलेको शिवदेव-अंशुवर्माको अभि. 'प्रग्रहण गोष्ठिका नाम्मा २०"।

९०क. "गिच्छिजानामिल गतिवल वाहिक गुप्त" उक्त किसिमकै वर्णन अंशुवर्माको हाँडिगाउँको संवत् ३० को अभिलेखमा पनि पाइन्छ। "धावक छेच्छिजाकस्य" यिनै अभिलेखमा उल्लिखित पंक्तिको पनि चर्चा गरौं– "अश्विक वाहिका गन्त्री' माथिको नरेन्द्रदेव र अंशुवर्माको (हाँडिगाउँको) अभिलेखहरूमा चर्चा गरिएका संस्कृतेतर शब्द "गेच्छिजा" अथवा 'गिच्छिजा' शब्दले कुनै किसिमको वाहनको अर्थ बोध गराउँछ जस्तो आभास पाइन्छ। यस शब्दका अगाडि हाँडिगाउँ अभिलेखमा अभिषेक हात्ती र अभिषेक घोडाको उल्लेख गरिएको छ जसले प्रसंगवश पनि यहाँ वाहनको चर्चा गरिएको भान हुन्छ। नरेन्द्रदेवको अभिलेखमा यस शब्दपछि 'गतिवल वाहिक' आदि उल्लेख छ जसको अर्थ "तेजगतिको वाहनको अपूरो रूपमा गरिएको भान हुन्छ। उक्त अभिलेखको अपूरो गुप्त-शब्दलाई एकपटक फेरि मूल अभिलेखसंग भिडाएर पढ्दा उक्त पंक्तिको अर्थ झन प्रष्ट हुन्थ्यो होला।

९१. केवलपुरको ध्रुवदेव जिष्णु गुप्तको अभि.– "दङ्खुट्टा रथादिकरणीय प्रतिमोचनार्थं लिङ्गवल्शोल्लादो नाम प्रवेशाम पूर्व शासनेषु ये प्रसादा:"।

९२. डि. रमण रेग्मी, मध्यकालीन नेपाल III, पृ. २४ ने. सं. ४९२ 'दार कर्मकर स्थापति भारो सभ्रातृज जगराम भारो सहितेन'। रेग्मी, III, पृ. ६८ रथकार (तच्चा) लाई पनि सरकारी अधिकृतको दर्जा दिइएको पाइन्छ (राधा कुमुद मुकर्जी, हिन्दू सभ्यता, हिन्दी अनु. पृ. ११६)।

९३. गोयुद्धको वर्णन नरेन्द्रदेवको अनन्त लिङ्गेश्वर अभिलेख ('गोयुद्ध पताकावस्तु पुराण २५') र थानकोटको भीमार्जुनदेव–जिष्णुगुप्तको संवत् ५७ को श्री अभिलेखमा गरिएको छ। गोहलको चर्चा पनि थानकोटकै अभिलेखमा निम्नप्रकारसंग गरिएको छ– "दक्षिणको लिग्रामे गोयुद्धे गोहले–गोहले यद्देयमासीत्तस्यार्धंप्रति मुक्तं"।

९४. "ततोपि हस्तिमार्गं'

९५. "संनद्धैर्ध्वरवाजि कुञ्जरशतैर न्वेमि तीर्च्वा नदीम् ।"

९६. 'वल्गद्वीरपदातिकुन्तविशिखप्रोताश्वनागाकुले
शक्त्या (न्यस्पृग्णी) यया रणमुखे संज्ञावशेषान् द्विषः ।"

('जोशिएर अघि बढेका वीर पैदल सिपाहीहरूका भाला र बागले घाइते भएका हुंदा हात्ती–घोडाहरू तर्सिएर छयाछ्यान्न भएको लडाईं-को मोर्चामा अरूको लागि लोभलाग्दो पराक्रमद्वारा शत्रुहरूलाई सखाप पारीकन'– धनवज्र, त्रिच्छवि-कालका अभिलेख, पृ. ४५९) ।

९७. भगवानलाल, सं. १९– "प्रदत्तं हयशत सहितं येन दानं तुलाख्यम् ।।"

९८. पूर्णिमा २, पृ. ५५– "प्रतित हातिखेदायात, खर्च्च-काया ।।'

९९. पूर्णिमा २, पृ. ५७ ।

१००. "विविध शकुन्त पशु · ङ्कृतयुद्धरुहः"
(विभिन्न चरा र पशुहरूको लडाईं गर्ने ठाउँ)

१०१ जयपल्लिकाग्रामे निवासोपगतान्.....साष्टादश-प्रकृतीन' । यहाँ ब्राह्मण लगायत १८ जातिका मान्छेको बसोबास भएको गाउँ भने पनि पूर्वमा त्यो आभीर (गोपालकहरू) को बस्ती थियो भन्ने करा अमरकोषबाट थाहा पाइन्छ । हुर्नुस् · A. Ghosa, Cities In Ancient India, 1973, Chapt on Units of Settlement यस्ता गाउँका नाउँका अन्तमा पल्लिका भएको एउटा अर्को बस्तीको उल्लेख हाल साल ने सं. १४० को फर्पिङ्गबाट प्राप्त ताम्रपत्रलेखमा पनि निम्न बमोजिमसंग पाइन्छ– 'नत्रैव उत्तरा-पल्लके श्री दुर्द्धिङ्ग भट्टारकस्य पुष्पछत्र गोष्ठिकानाँ'

१०२. यङ्गालहिटी अभि,– "गृहक्षेत्र गोधनादि द्रव्य," भृङ्गारेश्वर अभि.– "गृहक्षेत्र गवादिना स्वद्रव्येणैव"

१०३ "शाला प्रणाली कर्मपरितोषितैरस्माभि.....ब्रंशा मल्लपोत सूकरकराणां...मुक्त्वा'

१०४. "भवताङ कुक्कुटसूकराणां मल्लपोतानां मत्स्यानाञ्चा बाधनेन परितुष्टैरस्माभिर्भट्टाधिकरणा प्रवेशेन वः प्रसादः कृतो" ।

१०५. "पणाः प्रतिमुक्ता मल्लपोतकानामपि मर्यादा" ।

१०६. "तेस्तुङ्ग ग्रामीणानाम् लोंह चामर मृग रोम कस्तूरिका...निर्हार्य्यार्ण्यवास्य"

१०७. "चस्तुङग्राम कुटुम्बिनः . . भवतां युष्मदीयग्राम-भूमौ महती महिषीपीडेत्य तत्तत्पीडा परिजिहीर्षया परिवर्त निमित्तस्माभिरियम्भूमिः भवताङ ग्राम सन्निवेशार्थम्प्रसादीकृता' । 'यहाँ चुस्तुङ्ग गाउँका जग्गा (बाली समेत) लाई (नजिक जङ्गलबाट) अर्ना–भैंसीको बढ्ता उत्पातबाट रक्षा गर्न गाउँका चारैतिरका जग्गा समेत गाउँलाई चारैतिरबाट घेरिने (सन्निवेशार्थम्) व्यवस्था गरिएको हो, जस्तो लाग्दछ ।

१०८. वासुदेव उपाध्याय, प्राचीन अभिलेखोंका अध्ययन, पृ. ७८-७९ । यस्तै अधिकृतहरूको नाउँ विजयचन्द्र-को कमौली अभि. मा पाइन्छ– वासुदेव, भारतीय– पृ. १७७ ।

१०९. वासुदेव, प्राचीन अभि. २, पृ. १५९ ।

११०. वासुदेव, प्राचीन अभि , २, पृ. १६८ ।

१११. वासुदेव, प्राचीन अभि , २, पृ. १६२ ।

११२. वासुदेव, प्राचीन अभि.; २, पृ. १९३ ।

११३. The Age of Imperial Unity, p. 598.

११४. B. N. Sharma, Social And Cultural History of Northern India; New Delhi; 1972, Chapt. on Trade and Commerce.

११५. ए. ई. ११ पृ. ४३– "अत्रेषु समस्त वणजारेषु देसी मिलित्वा"... (यहाँ सबै विदेश व्यापार गर्ने समुदाय मिलेर)

११६. वासुदेव, प्राचीन अभि., २, पृ. २२५; कपिलवस्तु (तिलौराकोटको लेखकको) उत्खननबाट अनेक

'नेगम' 'नेगमे' आदि लेखयुक्त पाको माटाका मुद्राहरू पाइएका छन् । वैशालीको उपरोक्त नेगम लेखबाट तिलौराकोटको चिनारी सम्पन्न व्यापारिक प्राचीन कपिलवस्तुको रूपमा गर्न सकिने थप प्रमाण उपलब्ध भएको छ ।

११७. वासुदेव, अभिलेख.., २, पृ. ५७; "कोटिवर्ष विषये-तन्नियुक्तक कुमारामात्य वेत्रवर्म्मणि अधिष्ठानाधिकरणञ्च नगरश्रेष्ठि धृतिपाले सार्थवाह वन्धुमित्र प्रथम कायस्थ शाम्बपाल पुरोगे सम्व्यवहरति"

११८. वासुदेव, अभिलेख, २,पृ. २८१– "पुण्डवर्द्धन भुक्तावुपरिक महाराजस्य महाराजपुत्र देवभट्टारकस्य – – कोटिवर्ष बिषये च तन्नियुक्तकेह विषयपति स्वम्भुदेवे अधिष्ठानाधिकरणम् आर्य्यनगरश्रेष्ठि रिभुपाल सार्त्थवाहस्याणुदत्त"। यस्तै बुद्धगुप्तको दामोदरपुर अभिलेखमा पनि प्रशासनिक अधिकृतको हैसियतमा सार्त्थवाहको उल्लेख छ– "नगरश्रेष्ठिरिभुपाल सार्त्थवाह वसुमित्र"– वासुदेव उपाध्याय, प्राचीन भारतीय अभि., २, पृ ७७ ।

११९. डा. वासुदेवशरण अग्रवाल, वामनपुराण, पृथ्वी प्रकाशन, बाराणसी ५, १९६४; Also see– Kailash Chand Jain, Ancient Cities And Towns of Rajastnan, p. 513.

